कर्णाली प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

सम्पर्क नं.
०८३-५२३६७२

# मेडिकल अधिकृत सेवा करारमा लिने सम्बन्धी सूचना

(प्रथम पटक सूचना प्रकाशित मिति २०८०/०८/२८)

सामाजिक विकास मन्त्रालय कर्णाली प्रदेशले जाजरकोट र रुकुम पश्चिमका स्थानीय तहहरुमा कामकाज गर्ने गरी स्वास्थ्य सेवाको मेडिकल अधिकृत पदमा कर्मचारी सेवा करारमा लिनुपर्ने भएकाले तपसिल बमोजिम योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिनभित्र कार्यालय समयभित्र सामाजिक विकास मन्त्रालय कर्णाली प्रदेशमा दरखास्त दिनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

**तपसिलः**

| क्र.सं. | विज्ञापन नं. | पद | समूह/उपसमूह | माग संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | भू.मे.अ. १/०८०/०८१ | मेडिकल अधिकृत | ज.हे.स. | १० | |

**१. उम्मेदवारको योग्यताः**

क. नेपाली नागरिक हुनुपर्ने।

ख. न्यूनतम योग्यताः माथि उल्लिखित पदहरुको उम्मेदवार हुन नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्था वा विश्वविद्यालयबाट सम्बन्धित विषयमा नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५ को अनुसूची ६ बमोजिम सम्बन्धित समूह तथा उपसमूहमा रहने पदहरुको लागि तोकिएको योग्यता पूरा गरेको हुनुपर्नेछ। कम्युनिटि मेडिसिनको हकमा नेपाल सरकारबाट मान्यता प्राप्त विश्वविद्यालयबाट सम्बन्धित विषयमा एम.डि. वा सो सरहको उपाधि प्राप्त हुनुपर्ने छ।

ग. विदेशी शिक्षण संस्थाबाट अध्ययन गर्नेको हकमा समकक्षता प्रमाणपत्र अनिवार्य पेश गर्नुपर्नेछ।

घ. उमेर हदः अधिकृतस्तरको लागि न्युनतम २१ वर्ष पुरा भएको हुनुपर्ने।

ङ. सम्बन्धित स्वास्थ्य सम्बद्ध व्यवसायिक परिषद्मा दर्ता तथा नवीकरण समेत भएको हुनुपर्ने छ।

च. स्थायी बसोबास गरेको व्यहोराको सम्बन्धित स्थानीय तहको सिफारिस पत्र पेश भएको हुनुपर्ने छ।

छ. समावेशीता (महिला, आदवासी जनजाती, मधेसी, पिछडिएको क्षेत्र, दलित) को हकमा अनिवार्य रुपमा सम्बन्धित विवरण खुलेको प्रमाणित कागजात पेश गर्नुपर्ने छ।

ज. अपाङ्गताको हकमा अनिवार्य रुपममा अपाङ्गता खुलेको प्रमाणित कागजात पेश गर्नुपर्ने छ।

झ. प्रचलित कानूनद्वारा अयोग्य नभएको हुनुपर्ने छ।

२. **दरखास्त दिने विधिः** योग्यता पुगेका इच्छुक उम्मेदवारहरुले यस मन्त्रालयमा दरखास्त फारम भरेको सक्कलै फाइल पेश गर्नुपर्ने छ। चिकित्सकको हकमा मात्र मन्त्रालयको इमेल ठेगाना vaccancy.mosd@gmail.com मार्फत दरखास्त पेश गर्न सकिनेछ। अन्तिम दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्टसम्म दरखास्त दिन सकिनेछ। दरखास्त फारम यस मन्त्रालयको वेवसाइट www.mosd.karnali.gov.np बाट प्राप्त गर्न सकिनेछ।

३. **दरखास्त साथ संलग्न गर्नुपर्ने कागजातहरुः** दरखास्त फारम भरी फारममा तोकिएको स्थानमा पासपोर्ट साइजको फोटो टाँसी उम्मेदवारको व्यक्तिगत विवरण, एसएलसी देखि न्यूनतम शैक्षिक योग्यतासम्मका सबै प्रमाणपत्रको प्रतिलिपि, सम्बन्धित काउन्सिलमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि, अनुभवको प्रमाणित प्रतिलिपि तथा नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि साथ दरखास्त पेश गर्नुपर्नेछ। उम्मेदवारले सबै कागजातमा सक्कल बमोजिम नक्कल ठिक भएको प्रमाणित गरेको हुनुपर्नेछ।

४. **छनौट प्रक्रियाः** कर्णाली प्रदेश सरकारद्वारा स्वीकृत "प्राविधिक जनशक्ति सेवा करारमा छनौट गर्ने कार्यविधि, २०७६ (संसोधन सहित)" अनुरुप छनौट कार्य हुनेछ।

५. **सेवा सुविधाः** छनौट भएका चिकित्सक तथा स्वास्थ्यकर्मीहरुलाई कर्णाली प्रदेशभरी जुनसुकै अस्पताल, स्वास्थ्य सेवा कार्यालयमा खटाउन सकिनेछ। पारिश्रमिक तथा सेवाका शर्तहरु कर्णाली प्रदेश सरकारको नियम अनुसार हुनेछ।

६. **कार्य अवधिः** २०८१ आषाढ मसान्तसम्म

७. म्याद नाघी आएको र रित नपुगेको दरखास्तलाई मान्यता दिईने छैन।

८. दरखास्त वापत कुनै शुल्क लाग्ने छैन।

९. यो सूचना र सूचनासंग सम्बन्धित अन्य जानकारीको जिल्ला स्थित सम्पर्क अधिकारिहरको विवरण यस मन्त्रालयको वेवसाइट www.mosd.karnali.gov.np र सूचना पाटी मार्फत हेर्न सकिनेछ।